**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ जनवरी २०२६

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधान मन्त्री नरेन्द्र मोदी र संयुक्त अरब अमिरातका राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाहयान बीच हिजो नयाँ दिल्लीमा प्रतिनिधिमण्डल स्तरीय वार्ता सम्पन्न भयो।

- रक्षा मन्त्रालयले यस वर्ष नयाँ दिल्लीको कर्तव्य पथमा हुने 77 औँ गणतन्त्र दिवस परेडका लागि लगभग 10 हजार विशेष अतिथिहरूलाई आमन्त्रित गरिएको जानकारी दिएको छ।

- सर्वोच्च न्यायालयले निर्वाचन आयोगलाई पश्चिम बंगालमा जारी मतदाता नामावलीको विशेष गहन पुनरिक्षण प्रक्रियाको क्रममा तार्किक विसंगतिहरूको सूचीमा समावेश भएका मतदाताहरूको नाम प्रदर्शन गर्न निर्देशन दिएको छ।

- पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारीले चुनाव आयोगले १४ फेब्रुअरीसम्म मतदाता नामावलीको विशेष गहन पुनरिक्षण प्रक्रिया पूरा गर्ने बताउनु भएको छ ।

- महाराष्ट्र सरकारले दावोसमा विश्व आर्थिक मंच शिखर सम्मेलनको पहिलो दिन रिकॉर्ड 14 दशमलव 5 लाख करोड़ रुपियाँको निवेश समझौता ज्ञापनहरुमा हस्ताक्षर गरेको छ ।

**भारत यूएई-एमईए ब्रीफिंग**

प्रधान मन्त्री नरेन्द्र मोदी र संयुक्त अरब अमिरातका राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाहयानबीच हिजो नयाँ दिल्लीमा प्रतिनिधिमण्डल स्तरीय वार्ता भयो। दुवै पक्षबीच सन् 2032 सम्ममा द्विपक्षीय व्यापार दुई गुणा बढेर दुई खर्ब अमेरिकी डलर पुरयाउने सहमति भएको छ । बैठक अवधि भारत र युएई बीच रक्षा, अन्तरिक्ष, ऊर्जा र खाद्य सुरक्षाका क्षेत्रमा थुप्रै सम्झौताहरूमा हस्ताक्षर भएका छन्। विदेश सचिव विक्रम मिस्रीले दुई देशबीच रणनीतिक रक्षा साझेदारीसम्बन्धी आधारभूत सम्झौतालाई अन्तिम रूप दिन हस्ताक्षर भएको बताउनु भयो । उहाँले 'दुवै देशले एचपीसीएल सम्झौतामा हस्ताक्षर गरेको पनि बताउनु भयो ।

**वैष्णव-बुलेट ट्रेन**

रेलमन्त्री अश्विनी वैष्णवले मुम्बई–अहमदाबाद बुलेट ट्रेन परियोजना निरन्तर अघि बढिरहेको बताउनु भएको छ । उहाँले ओवरहेड इलेक्ट्रिफिकेशन मास्ट राख्ने काम पनि तीव्र गतिमा भइरहेको जानकारी दिनु भयो । एक सोशल मीडिया पोस्टमा, श्री वैष्णवले भन्नु भयो यो विकास भारतको पहिलो उच्च गतिको रेलको लागि इलेक्ट्रिक ट्रैक्शन सुरु गर्ने दिशामा एक महत्त्वपूर्ण कदम हो र यसले 'मेक इन इन्डिया' अन्तर्गत जमीनी स्तरको कामलाई दर्शाउँदछ।

**अंतरमंत्रालयी बैठक**

केन्द्रीय मन्त्री भुपेन्द्र यादव, नितिन गडकरी, मनोहर लाल र जी किशन रेड्डी नयाँ दिल्लीमा भएको अन्तर-मन्त्रालय बैठकमा सहभागी हुनुभयो। एक सोशल मीडिया पोस्ट गर्दै मन्त्री यादवले बैठकमा ई-फोहोर बाट अति महत्वपूर्ण खनिजहरूको पुनःप्राप्तिका लागि समन्वयबारे छलफल भएको जानकारी दिनुभयो । उहाले शहरहरूमा इलेक्ट्रॉनिक फोहोर अथवा विद्युतीय

फोहोरको व्यवस्थापन र राष्ट्रिय राजमार्गका लागि पुरानो डम्पसाइटबाट निष्क्रिय सामग्रीको पुन: प्रयोगको पनि समीक्षा गरिएको जानकारी दिनुभयो। यसका साथमा प्रधानमन्त्री नरेन्द्र मोदीले मिशन लाइफ अर्थात् वातावरणका लागि जीवन शैलीलाई प्रबद्र्धन गर्ने प्रयासलाई मध्यनजर गर्दै यो बैठक आयोजना गरिएको यादवले बताउनु भयो।

## गणतंत्र दिवस - विशेष अतिथि

रक्षा मन्त्रालयले यस वर्ष नयाँ दिल्लीको कर्तव्य पथमा हुने 77 औँ गणतन्त्र दिवस परेडका लागि लगभग 10 हजार विशेष अतिथिहरूलाई आमन्त्रित गरिएको जानकारी दिएको छ। यसमा उत्कृष्ट नवप्रवर्तनकर्ताहरू, स्टार्टअपहरू, स्वयं सहायता समूहहरू र आय र रोजगारी सिर्जनामा उत्कृष्ट व्यक्तिहरू समावेश छन्। राष्ट्र निर्माणमा पुरयाएको योगदानको कदर गर्न र राष्ट्रिय महत्वका कार्यक्रममा जनसहभागिता बढाउन अतिथिहरुलाई आमन्त्रण गरिएको मन्त्रालयले जनाएको छ। विशेष अतिथिहरुमा विश्व एथलेटिक्स पारा च्याम्पियनसिपका विजेताहरु र पीएम स्माइल योजना अन्तर्गत पुनस्र्थापना गरिएका भिक्षुक, ट्रांसजेंडर, प्राकृतिक खेती गर्ने किसानहरु रहेका छन्।

## भारतीय पुलिस हैंडबॉल

प्रधान मन्त्री नरेन्द्र मोदीको फिट इन्डिया र खेलो इन्डिया अभियान अन्तर्गत केन्द्रीय सशस्त्र बल र राज्य पुलिस बलको राष्ट्रिय स्तरको खेल प्रतियोगिता दोस्रो अखिल भारतीय पुलिस ह्याण्डबल क्लस्टर २०२५–२६ प्रतियोगिता हिजोदेखि एसएसबी फ्रन्टियर मुख्यालय, सिलगुडीमा सुरु भएको छ। खेलाडीहरूद्वारा मार्चपास्ट, एक रंगीन सांस्कृतिक कार्यक्रम र सुरक्षा बलको शानदार एक्रोबेटिक प्रदर्शनको साथमा उद्घाटन गरिएको कार्यक्रममा मुख्य अतिथि भारतीय हकी टोलीका पूर्व कप्तान भरत छेत्री, अर्जुन पुरस्कार बीजेता  मन्टु घोष, पूर्व भारतीय टेबल टेनिस खेलाडी तथा एसएसबीका महानिरीक्षक वन्दन सक्सेना उपस्थित थिए। सरस्वती शिशु मन्दिर, नक्सालबाडीका युवा विद्यार्थीहरूले मनमोहक वन्दे मातरम् गीत र नृत्य प्रस्तुत गरेका थिए भने राजवंशी, मैथिली, बंगाली लोक नृत्य विशेष आकर्षणको केंद्र थियो ।  प्रतियोगितामा विभिन्न राज्य पुलिस तथा केन्द्रीय सशस्त्र बलका ३० वटा प्रतिष्ठानका लगभग ८० टोलीका  १४०० भन्दा अधिक पुरुष तथा महिला सहभागी हुने महानिरीक्षक, सीमांत मुख्यालय, वन्दन सक्सेनाले जानकारी दिनुभयो।

यसैबीच पहिलो दिनको खेलमा राजस्थान पुलिस, मणिपुर पुलिस र भारत तिब्बत सीमा पुलिसले ह्याण्डबल लिगको पहिलो तीन खेलमा तथा  बास्केटबल लिगको पहिलो आठ खेलमा केंद्रीय औधोगिक पुलिस बल, जम्मू–कश्मीर पुलिस, सशस्त्र सीमा बल, हिमाञ्चल प्रदेश पुलिस, महाराष्ट्र पुलिस, तमिलनाडु पुलिस, उत्तराखण्ड पुलिस र पश्चिम बंगाल पुलिसले जित हात पारेका थिए। प्रतियोगिताको २३ जनवरीमा समापन हुनेछ भने प्रतियोगिताको पहिलो चरणमा पुरुष बास्केटबलका ३६, महिला बास्केटबलका १० लिग म्याच यस्तै पुरुष ह्याण्डबलका ३६ र महिला ह्याण्डबलका १५ लिग म्याच हुनेछन् । प्रतियोगिताको मुख्य उद्देश्य पुलिस बलहरूमा खेल संस्कृति, खेलकुद र टीम भावनाको प्रवर्द्धन गर्नु, आपसी सौहार्द र समन्वयलाई बलियो बनाउनु र स्वस्थ र फिट भारत निर्माणमा योगदान गर्नु हो।

## खेलो इंडिया-मांडविया

खेलो इन्डिया गेम्सको शीतकालीन सत्रको पहिलो चरण आज देखि लेह, लद्दाखमा सुरु हुँदैछ। प्रतियोगितामा प्रशिक्षक र टेक्निकल असिस्टेन्ट गरी एक हजारभन्दा बढी महिला तथा पुरुष खेलाडीको सहभागिता रहनेछ। फिगर स्केटिङ जस्ता ओलम्पिक कार्यक्रमहरू समावेश गर्नु यस वर्षको मुख्य आकर्षण हो। यसपटक आइस स्केटिङ र हक्कीमा 472 खेलाडीको सहभागिता रहनेछ। खेलो इन्डिया खेलहरूको बारेमा बोल्दै खेलकुद मन्त्री डा. मनसुख मांडवियाले भन्नु भयो खेलो इन्डिया शीतकालीन खेलहरूले खेलाडीहरूलाई यस शीतकालीन सत्र मा प्रतिस्पर्धा गर्ने अवसर प्रदान गर्नेछ। श्री मांडवियाले खेलाडीहरूलाई यी खेलहरूको फाइदा लिन आग्रह गर्नु भयो। उहाँले यी खेलहरुको चाडै नै  विस्तार गरिने बताउनु भयो। यसको शुरुआत अघिलो महिना **खेलो इंडिया ट्राइबल गेम्स देखि हुने अनि त्यस पछि** देश भरीको अन्य प्रारूपहरुमा यी खेलहरुको आयोजन गरीनेछ। उहाँले भन्नु भयो यो खेल देशमा खेल ढांचालाई  मजबूत बनाउनमा महत्वपूर्ण भूमिका निभाउने छ।

## सर्वोच्च न्यायालय -एसआईआर पश्चिम बंगाल

सर्वोच्च न्यायालयले निर्वाचन आयोगलाई पश्चिम बंगालमा जारी मतदाता नामावलीको विशेष गहन पुनरिक्षण प्रक्रियाको क्रम मा तार्किक विसंगतिहरूको सूचीमा समावेश भएका मतदाताहरूको नाम प्रदर्शन गर्न निर्देशन दिएको छ। न्यायालयले आज वि शेषगहनपुनरीक्षणमा मनमानी र प्रक्रियागत अनियमितताको आरोपसँग सम्बन्धित याचिकाहरूको एक ब्याचको सुनुवाइ गरिरहे को थियो। मुख्य न्यायाधीश सूर्यकान्त, न्यायाधीश दीपांकर दत्ता र जॉयमाल्या बागचीको पीठले राज्यका एक करोड पच्चीस लाख मतदातालाई तार्किक विसंगतिको सूचीमा समावेश गरिएको र अभियानबाट प्रभावित व्यक्तिहरूलाई आफ्नो कागजात र आपत्ति पेश गर्न अनुमति दिनुपर्ने बताएको छ।

## पश्चिम बंगाल-एसआईआर

पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारीले चुनाव आयोगले १४ फेब्रुअरीसम्म मतदाता नामावलीको विशेष गहन पुनरिक्षण प्रक्रिया पूरा गर्ने बताउनु भएको छ । सुनुवाइको क्रममा विभिन्न जिल्लाबाट धेरै हिंसात्मक घटनाहरू रिपोर्ट गरिएको थियो, तर अधिकारीहरूले एसआईआरको काम अवरुद्ध नभएको दाबी गर्नुभयो ।

चुनाव आयोगलाई पठाइएको साप्ताहिक रिपोर्टमा एसआईआरको सुनुवाइसँग सम्बन्धित सबै घटनाहरूको विस्तृत विवरण दिइएको छ। रिपोर्टको समीक्षा गरेपछि आयोगले तत्काल राज्यका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवाललाई दिल्ली बोलाएको थियो, त्यसपछि लामो बैठक बसेको थियो । आयोगका स्रोतका अनुसार राज्यमा एसआईआर प्रक्रियाको सहज कार्यान्वयन र स्वतन्त्र र निष्पक्ष निर्वाचन सुनिश्चित गर्ने विषयमा छलफल केन्द्रित थियो। बैठकमा आगामी २०२६ को विधानसभा चुनावका लागि सुरक्षा व्यवस्था, बुथ पूर्वाधार र व्यवस्थापन प्रक्रियाबारे पनि छलफल गरिएको थियो।
राज्यमा चलिरहेको प्रक्रियाको विशेष निगरानी आजदेखि सुरु हुनेछ जसको निरीक्षण मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवाल आफैंले गर्नुहुनेछ।

## महाराष्ट्र एमओयू दावोस

महाराष्ट्र सरकारले दावोसमा विश्व आर्थिक मंच शिखर सम्मेलनको पहिलो दिन रिकॉर्ड 14 दशमलव 5 लाख करोड़ रुपियाँको निवेश समझौता ज्ञापनहरुमा हस्ताक्षर गरेको छ । एक दिनमा हासिल गरेको यो राशि लगभग 2025 दावोस शिखर सम्मेलन अवधि राज्य द्वारा प्राप्त गरेको निवेशको बराबर हो । हस्ताक्षर गरिएका 19 समझौता ज्ञापनबाट अलग-अलग क्षेत्रमा 15 लाख भन्दा अधिक रोजगारी श्री जना हुने आशा गरिएको छ ।